# सेवा करारमा प्राविधिक (अधिकृत तथा सहायकस्तर) कर्मचारी छनौट सम्बन्धी कार्यविधि, २०७७

**मा. मन्त्रीस्तरवाट मिति २०७७/०५/२१ मा स्वीकृत**

**प्रस्तावना:** भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय र मातहतका निकाय तथा आयोजनामा रिक्त रहेको स्थायी तथा अस्थायी दरबन्दीको पदमा पदपूर्ति नहुन्जेल सम्मका लागि कृषि सेवा र इञ्जिनियरिंग सेवाका विभिन्नसमूहका अधिकृत तथा सहायकस्तरका प्राविधिक कर्मचारीहरु खुल्ला प्रतिस्पर्धाबाट सेवा करारमा भर्ना गर्न छनौट सम्बन्धी आवश्यक प्रक्रिया, मापदण्ड, कार्यविधि एवं मूल्याङ्कनका आधारहरु तय गर्न आवश्यक भएकोले,

प्रदेश नं. ५, प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा २ ले दिएको अधिकार प्रयोग गरी भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले यो कार्यविधि बनाएको छ।

## परिच्छेद–१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस कार्यविधिको नाम "सेवा करारमा प्राविधिक(अधिकृत तथा सहायकस्तर)कर्मचारीछनौट सम्बन्धी कार्यविधि, २०७७" रहेको छ।

(२) यो कार्यविधि स्वीकृत भएको मिति देखि लागू हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "कर्मचारी"भन्नाले सिफारिस समितिको प्रशासनिक काम कारवाहीमा सहयोगको लागि तोकिएको कर्मचारीलाई जनाउँछ।

(ख) "कार्यालय, आयोजना वा निकाय"भन्नाले मन्त्रालय मातहतका कार्यालय, आयोजना र निकायलाई जनाउँछ।

(ग) "अधिकृत"भन्नाले मन्त्रालय र मातहतका कार्यालय, निकाय तथा आयोजनामा सेवा करारमा काम गर्ने कृषि र इञ्जिनियरिंग सेवाका सबै समूहका, अधिकृतस्तर छैटौं र सातौंलाई जनाउँछ।

(घ) "नाता सम्बन्ध"भन्नाले पति-पत्नी, आमा-बाबु तथा छोरा-छोरी, धर्मपुत्री, दाजु-भाई, दिदी-बहिनी, भाउजु बुहारी, काका-काकी, ठूलोबुवा-ठूलीआमा, सानाबा-सानीआमा, भतिजा-भतिजी, भान्जा-भान्जी, भिनाजु-ज्वाई, मामा-माइजु, फूपु-फुपाजु, साला-साली र तिनका छोरा-छोरीलाई जनाउँछ।

(ङ) "पदाधिकारी"भन्नाले पदपूर्ति समितिमा र सिफारिस समितिमा रहने अध्यक्ष र सदस्यलाई जनाउँछ।

(च) "प्रदेश" भन्नाले प्रदेश नं. ५ लाई सम्झनु पर्छ ।

(छ) "प्राविधिक कर्मचारी" भन्नाले कृषि सेवा र इञ्जिनियरिंग सेवाका विभिन्न समूहका अधिकृत तथा सहायकस्तरका प्राविधिक कर्मचारीहरु सम्झनु पर्छ ।

(ज) “सहायकस्तर” भन्नाले मन्त्रालय र मातहतका कार्यालय, निकाय तथा आयोजनामा सेवा करारमा काम गर्ने कृषि सेवाका सबै समूहका प्राविधिक सहायकस्तर चौथो र पाचौंलाई जनाउँछ।

(झ) “मन्त्रालय”भन्नालेप्रदेशको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयलाई जनाउँछ।

(ञ) “विज्ञ”भन्नाले कृषि सेवाका सबै तहको छनौट गर्नका लागि मूल्याङ्कन गर्ने कार्यमा संलग्न विषयगत दक्षता भएको व्यक्तिलाई जनाउँछ।

(ट) “सिफारिस समिति”भन्नाले मन्त्रालय मातहतका कार्यालय, निकाय तथा आयोजनाका लागि सेवा करारमा प्राविधिक कर्मचारी छनौट गर्न दफा ४ बमोजिम गठित समितिलाई जनाउँछ।

## परिच्छेद—२

## पदपूर्ति तथा सिफारिस समिति

३. **पदपूर्ति समितिको गठनः** (१) मन्त्रालय मातहतका कार्यालय, निकाय तथा आयोजनामा प्राविधिक कर्मचारी छनौट गर्न देहाय बमोजिमको एक पदपूर्ति समिति गठन गरिनेछ।

(क) मन्त्रालयको सचिव - संयोजक

(ख) मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सचिव (कानून) - सदस्य

(ग) मन्त्रालयको सेवा समूहसँग सम्बन्धित महाशाखा प्रमुख - सदस्य

(घ) सेवा समूह सम्बन्धी क्षेत्रका विषय विज्ञ - सदस्य

(ङ) मन्त्रालयको प्रशासन तथा सहकारी विकास महाशाखा प्रमुख - सदस्य सचिव

(२) पदपूर्ति समितिमा आवश्यकताका आधारमा विशेषज्ञको रुपमा अधिकतम ३ जनासम्म विज्ञलाई आमन्त्रित गर्न सकिनेछ।

४. **पदपूर्ति समितिकोकाम,कर्तव्य र अधिकारः**पदपूर्ति समितिको काम,कर्तव्यकर्तव्य र अधिकार देहाय बमोजिमहुनेछन।

(क) प्रदेश लोकसेवा आयोगसँग समन्वय गरी संक्षिप्त सूचीमा सफल उम्मेदवारहरुको अन्तरवार्ता लिने।

(ख) परीक्षा प्रणालीलाई निश्पक्षपारदर्शी तथा योग्यता ,प्रणालीमा आधारित बनाउन आवश्यक व्यवस्था गर्ने ।

(ग) सिफारिस समितिले सिफारिस गरेका विषयहरुको अन्तिम स्वीकृतिगर्ने ।

(घ) जनशक्ति छनौट प्रणालीमा कुनै समस्या देखिएमा नीतिगत निर्णय गर्ने ।

(ङ) जनशक्ति छनौटका लागि आवश्यक मापदण्ड बनाई स्वीकृत गर्ने ।

**५. <u>सिफारिस समितिको गठन</u>** (१) :मन्त्रालयले देहायबमोजिमको सिफारिस समिति गठन गर्नेछः-

)क ( मन्त्रालयका प्रशासन तथा सहकारी विकास महाशाखा प्रमुख संयोजक —

)ख ( मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयकोअधिकृतस्तर सातौ/आठौ तहको प्रतिनिधि -सदस्य

)ग ( प्रदेश लेखा नियन्त्रक कार्यालयका अधिकृतस्तर सातौ/आठौ तहको प्रतिनिधि -सदस्य

)घ ( मन्त्रालयको कानून अधिकृत —सदस्य

)ङ ( मन्त्रालयको अधिकृतस्तर सातौ(.प्र.सा) आठौ/ —सदस्य सचिव

**६. <u>सिफारिस समितिको काम, कर्तव्य र अधिकार</u>**(१):सिफारिस समितिको कामकर्तव्य र अधिकार देहाय , :बमोजिम हुनेछ

(क) जनशक्ति छनौट तथा सिफारिस सम्बन्धी मापदण्ड बनाउन पदपूर्तिसमितिलाईसहयोगगर्ने ।

(ख) विज्ञहरुको सूचि र जनशक्ति छनौटको लागि सूचना प्रकाशन गर्ने ।

(ग) प्राप्त आवेदनहरुको रुजु गर्ने ।

(घ) रीतपुर्वक दर्ता नभएका आवेदनहरु रद्ध गर्ने ।

(ङ) परीक्षार्थीहरुलाई प्रवेश पत्र प्रदान गर्ने ।

(च) जनशक्ति छनौटका लागि सचिवालयको रुपमा काम गरी अभिलेख व्यवस्थापन गर्ने ।

(छ) पदपूर्ति समितिको निर्देशनमा तोकिए बमोजिमका अन्य कामहरु गर्ने ।

)२ ( सिफारिस समितिको बैठक आवश्यकतानुसार बस्नेछ ।

(3)सिफारिस समितिले आवश्यक ठानेमा बढीमा जना सम्म 3विषय विज्ञलाई वैठकमा आमन्त्रण गर्न सक्नेछ ।

## परिच्छेद—३

## <u>पदपूर्ति तथा छनौट सम्बन्धी व्यवस्था</u>

७. **<u>प्राविधिककर्मचारीसेवा करारमा नियुक्तिको लागि उम्मेदवार योग्यताः</u>** (१) कृषि सेवाको अधिकृत पदमा देहायको व्यक्ति नियुक्तिको लागि योग्य मानिनेछ।

(क) नेपाली नागरिक,

(ख) २१ वर्ष उमेर पुरा भई दरखास्त दिने अन्तिम म्याद सम्म ३५ वर्ष उमेर पुरा नभएको, महिलाको हकमा ४० वर्ष उमेर पुरा नभएको,

(ग) मान्यता प्राप्त विश्वविद्यालयबाट कृषि, पशुपालन, भेटेरिनरी, खाद्य तथा कृषि ईन्जिनियरिङ्ग विषयमा स्नातक वा सो सरह उत्तिर्ण गरेको,

(घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार नठहरिएको र

(ङ) भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी बर्खास्त नभएको।

(२) सहायकस्तर पदमा देहायको व्यक्ति नियुक्तिको लागि योग्य मानिनेछन्।

(क) नेपाली नागरिक,

(ख) १८ वर्ष उमेर पुरा भई दरखास्त दिने अन्तिम म्याद सम्म ३५ वर्ष उमेर पुरा नभएको, महिलाको हकमा ४० वर्ष उमेर पुरा नभएको,

(ग) कृषि, पशुपालन, भेटेरिनरी, खाद्य तथा कृषि ईन्जिनियरिङ्ग विषयमा पांचौ तहको लागि प्रमाणपत्र तह वा ३ बर्षे डिप्लोमा वा जे टि कोर्ष र चौथो तहको लागि प्राविधिक एस.एल.सी. (प्रवेशिका परीक्षा) वा सो सरह उत्तीर्ण गरेको,

(घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार नठहरिएको र

(ङ) भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी बर्खास्त नभएको।

(३) इञ्जिनियरिंग सेवाका कम्प्युटर अधिकृत पदमा देहायको व्यक्ति नियुक्तिको लागि योग्य मानिनेछन्।

(क) नेपाली नागरिक,

(ख) २१ वर्ष उमेर पुरा भई दरखास्त दिने अन्तिम म्याद सम्म ३५ वर्ष उमेर पुरा नभएको, महिलाको हकमा ४० वर्ष उमेर पुरा नभएको,

(ग) मान्यता प्राप्त विश्वविद्यालयबाट कम्प्युटर बिज्ञान वा कम्प्युटर ईन्जिनियरिङ्ग विषयमा स्नातक वा सो सरह उत्तिर्ण गरेको,

(घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार नठहरिएको र

(ङ) भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी बर्खास्त नभएको।

८. **<u>सूचना प्रकाशन एवं दरखास्त सम्बन्धी</u>** <u>व्यवस्था:</u> (१) कृषि तथा इञ्जिनियरिंग सेवाका अधिकृत तथा सहायक पदमा पदपूर्ति गर्न सूचना प्रकाशन गर्दा दफा ५ बमोजिमको योग्यता हासिल गरेका इच्छुक नेपाली नागरिकहरु मध्येबाट दरखास्त आव्हान गरिनेछ। सो को लागि कम्तीमा १५ (पन्ध्र) दिनको समय दिई राष्ट्रियस्तरको समाचारपत्रमाअनुसूची-१ बमोजिमको ढाँचामा सूचना प्रकाशन गर्नुपर्ने छ। सो सूचना मन्त्रालयको वेभसाईट र सूचना पाटीमा समेत टाँस गर्नुपर्नेछ।

(२) कृषि तथा इञ्जिनियरिंग सेवाका अधिकृत तथा सहायक पदको लागि उम्मेदवार हुन चाहने योग्यता पुगेको व्यक्तिले उपदफा (१) मा उल्लेख गरिएको सूचनामा तोकिएको म्याद भित्र अनुसूची-२अनुसारको दरखास्त फाराम भरी सोही सूचनामा उल्लेख गरिएको स्थानमा बुझाउनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम दरखास्त फारम बुझाउँदा दरखास्तको साथमा निम्न कुराहरु संलग्न हुनुपर्नेछः

(क) शैक्षिक योग्यताको प्रमाणपत्रका प्रमाणित प्रतिलिपिहरु १/१ थान।

(ख) नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि १ थान।

(ग) दरखास्त दस्तुर बुझाएको सक्कल रसिद।

(घ) अनुभव वा तालिम भए सो प्रमाणपत्रको प्रमाणित प्रतिलिपि।(अनुभवको हकमा लागि नियुक्ति पत्रको प्रतिलिपि संलग्न गर्नुपर्ने)

(ङ) पशु चिकित्सक पदको लागि काउन्सिल दर्ता प्रमाणपत्र।

(४) उपदफा (१) बमोजिम प्रकाशित सूचना अनुसार प्राप्त दरखास्त छानविन गर्दा रीत पुगेको र सूचनामा उल्लेखित शर्तहरु पुरा भएको दरखास्त मात्र अधिकार प्राप्त अधिकारीबाट स्वीकृत हुनेछ।

(५) यस दफा बमोजिम दरखास्त फारम बुझाउँदा कृषि तथा इञ्जिनियरिंग सेवाका अधिकृत पदका लागि एक हजार रुपैयाँ तथा सहायक पदका लागि पाँच सय रुपैयाँ दरखास्त दस्तुर लाग्नेछ।

९. **<u>माग संकलन र पदसंख्या निर्धारणः</u>** मन्त्रालय र मातहतका निकायमा रिक्त रहेको कृषि तथा इञ्जिनियरिंग सेवाका अधिकृत तथा सहायक प्राविधिक पदहरु मध्ये अति आवश्यक पदहरुमा मात्र सेवा करारमा भर्ना गर्न पदहरुको माग संकलन गरी पदसंख्या निर्धारण गर्ने काम मन्त्रालयले गर्नेछ।

१०. **<u>छनौट विधिः</u>** सेवा करारमा कर्मचारी पदपूर्ति गर्दा उम्मेदवारको छनौट शैक्षिक योग्यता र अनुभवको आधारमा उम्मेदवारको संक्षिप्त सूची तयार गरी अन्तर्वार्ताद्वारा गरिनेछ।

११. **<u>उम्मेदवार छनौटको मूल्याङ्कनका आधार तथा संक्षिप्त सूचीः</u>** (१) कृषि तथा इञ्जिनियरिंगसेवाका प्राविधिक कर्मचारीहरु छनौटको लागि विभिन्न चरणमा लिइने परीक्षाको कूल १०० (एक सय) पूर्णाङ्क हुनेछ। सो अङ्कभारलाई देहायमा उल्लेख गरिएका उपशिर्षकहरुका भारका आधारमा प्रदान गरिनेछ।

(क) शैक्षिक योग्यता र अनुभव - पचास अङ्क

(ख) अन्तर्वार्ता - पचास अङ्क

(२) सिफारिस समितिले दफा ८ बमोजिम दरखास्त पेश गर्ने उम्मेदवारकोशैक्षिक योग्यता, तालिम र अनुभवकोमूल्याङ्कन अनुसूची-३ बमोजिमको मूल्याङ्कनका आधारमा माग पद संख्याकोआधारमा १ पदको लागि ३ जना, २ पदको लागि ५ जना, ३ पदका लागि कम्तीमा ७ जना र ४ वा सो भन्दा बढी पदको लागि कम्तीमा माग संख्या भन्दा ५ जना वा माग संख्याको ५० प्रतिशत जुन बढी हुन्छ सो भन्दा कम नहुने गरी उम्मेदवारहरुको नाम दरखास्त दिने अन्तिम म्याद समाप्त भएको मितिले सात दिन भित्र छनौट गरी संक्षिप्त सूची प्रकाशन गर्नुपर्नेछ।

तर तोकिए भन्दा कम मात्र आवेदनहरु परेमा योग्यता पुगेका सबै उम्मेदवारहरु स्वतः संक्षिप्त सूचीमा समेटिएको मानिने छ।

१२. **अन्तर्वार्ता:** (१) दफा ११ को उपदफा (२)बमोजिम संक्षिप्त सूचीबाट छनौट भएका उम्मेदवारहरुलाई मात्र अन्तर्वार्तामा सामेल गराइनेछ।

(२) उपदफा (१) बमोजिमको सूचीमा नाम समावेश भएका उम्मेदवारहरुको अन्तर्वार्ताका लागि पदपूर्ति समितिले ३ देखि ५ सदस्यीय अन्तर्वार्ता समिति गठन गर्न सक्नेछ।

(३) अन्तर्वार्ताको अङ्कभार दफा ९ को उपदफा १ को (ख) बमोजिम जम्मा ५० (पचास) अङ्कको हुनेछ।

(४) अन्तर्वार्तामा मूल्याङ्कन गर्नको लागि अनुसूची –४ बमोजिमको फारम प्रयोग गर्न सकिनेछ। अन्तर्वार्ता गर्दा अन्तरवार्ताकर्तालेे सोही अनुसूचीमा उल्लेखित कुराहरुलाई ध्यानमा राखी गर्न सक्नेछन्।

(५) अन्तर्वार्ताको लागि तोकिएको मिति, समय र स्थानमा अनुपस्थित हुने उम्मेदवारलाई पुनः अन्तर्वार्तामा सामेल गराइने छैन।

(६) दफा ९ उपदफा (२) बमोजिम प्रकाशन गरिएको संक्षिप्त सूचीमा परेका उम्मेदवारहरुको अन्तरवार्ताको लागि मिति, समय र स्थान सम्बन्धी सूचना दैनिक राष्ट्रियस्तरको समाचार पत्रमा प्रकाशितगरिनेछ। उक्त सूचन मन्त्रालयको वेभसाइट र सूचना पाटीमा समेत टाँसिने छ।

(७) अन्तर्वार्ताका लागि छनौट भएका उम्मेदवारहरुले अन्तरवार्ताका दिन आफुले दरखास्त साथ पेश गरेका शैक्षिक योग्यताका र अनुभवका प्रमाणपत्रहरु तथा नेपाली नागरिकताको प्रमाणपत्रको सबै सक्कल प्रतिहरु लिई आउनु पर्नेछ।

(८) अन्तर्वार्ताको मूल्याङ्कन गर्ने प्रत्येक सदस्यले तोकिए बमोजिम अलग अलग फाराममा मूल्याङ्कन गर्नुपर्नेछ। अन्तर्वार्ता समाप्त हुने वित्तिकै उपस्थित सबैको रोहवरमा सिलबन्दी गरी सो खामको बाहिर विज्ञ लगायत अन्तर्वार्तामा सामेल सबै सदस्यहरुले सहीछाप गर्नुपर्नेछ।

(९) अन्तर्वार्तामा संलग्न कुनै मूल्याङ्कनकर्ताले सत्तरी प्रतिशत भन्दा बढी र चालिस प्रतिशत भन्दा घटी अङ्क प्रदान गरेमा स्पष्ट आधार र कारण खुलाउनु पर्नेछ । अन्यथा बढीमा सत्तरी प्रतिशत र घटीमा चालिस प्रतिशत नै अङ्क मानी गणना गरिनेछ।

१३. **अन्तिम नामावली प्रकाशन तथा सेवा करारका लागि सिफारिस:** (१) अन्तिम नतिजा प्रकाशनको लागि समितिबाट लिइएको विभिन्न चरणको परीक्षामा उम्मेदवारले प्राप्त गरेको अङ्कको आधारमा योग्यताक्रमको सूची तयार गर्नुपर्नेछ।

(२) अन्तर्वार्ता समाप्त भएपछि सिफारिस समितिका पदाधिकारीहरुले उम्मेदवारले अन्तरवार्तामा प्राप्त गरेको अङ्कलाई शैक्षिक योग्यता, तालिम र अनुभवको प्राप्ताङ्कसँग जोडी सबैभन्दा बढी अङ्क प्राप्त गर्ने आवश्यक संख्या र प्रदेश लोकसेवा आयोग नियमावली, २०७६ को अनुसूची-६ बमोजिमको संख्यामा बैकल्पिक सिफारिस सहित उम्मेदवारलाई वरियता क्रमानुसार सेवा करारका लागि

पदपूर्ति समिति समक्ष सिफारिस गर्नुपर्नेछ। त्यसरी सिफारिस समितिबाट प्राप्त सिफारिसलाई पदपूर्ति समितिले अनुमोदन गरी सेवा करारको लागि मन्त्रालय समक्ष सिफारिस गर्नुपर्नेछ।

(३) यस कार्यविधि बमोजिम सेवा करारमा राखिएका कृषि तथा इञ्जिनियरिंग सेवाका प्राविधिक कर्मचारीहरुको पद आर्थिक वर्ष भित्र रिक्त भएमा बैकल्पिक सुचीबाट सेवा करारमा लिइनेछ ।

१४. **<u>सेवा सुविधा एवं पदावधि सम्बन्धी व्यवस्था:</u>** (१) सेवा करारको कृषि तथा इञ्जिनियरिंग सेवाका अधिकृतहरुको पारश्रमिक प्रदेश सरकारको सातौंतहको अधिकृतले पाउने न्युनतम तलब स्केल बरावरको हुनेछ र सहायकस्तरका प्राविधिकहरुको पारिश्रमिक प्रदेश सरकारको समान तहको तलब स्केल बरावर हुनेछ। स्थायी तथा अस्थायी दरबन्दी भित्रको रिक्त भएको पद तथा प्रदेश सरकारले स्थानीय तहमा खटाउने प्राविधिक पदमा मात्र करार सेवा लिइने छ।

(२) उपदफा (१) मा जे सुकै कुरा लेखिएको भएपनि कुनै तोकिएको कामको लागि तोकिएको अबधिको लागि सेवा परामर्श द्धारा काममा लगाउन बाधा पर्नेछैन ।

(३) करार सम्झौताबाट पूर्ति गरिएको पदमा लोक सेवा आयोग वा प्रदेश लोकसेवा आयोगबाट सिफारिस भई आएमा करार सम्झौता स्वतः खारेज हुनेछ। सम्पादित कार्य सन्तोषजनक रहेमा सालबसाली म्याद थप हुन सक्नेछ।

(४) करार सेवामा नियुक्त प्राविधिक कर्मचारीहरुलाई उपदफा (१) बमोजिमको मासिक पारिश्रमिक बाहेक अन्य सुविधाका हकमा कानूनले तोकिए बमोजिम सेवा करार सम्झौतामा उल्लेख गरी दिन सकिने छ।

## परिच्छेद — ४

## <u>विज्ञ सम्बन्धी व्यवस्था</u>

१५. **<u>विज्ञको सूची तयार गर्ने:</u>** (१) शैक्षिक योग्यताको मूल्याङ्कन तथा अन्तरवार्ताका लागि दरखास्त बुझाउने अन्तिम मिति अगावै सिफारिस समितिले आवश्यकता अनुसार विज्ञहरुको चयन गरी सूची तयार गर्नुपर्नेछ। त्यस्तो सूचीमा कृषि सेवाका एग्री.इको.मार्केटिङ्ग, कृषि प्रसार, वागवानी, खाद्य प्रविधि तथा गुण नियन्त्रण, बाली संरक्षण, बाली विकास, माटो, मत्स्य, लाइभस्टक, पोल्ट्रि एण्ड डेरी डेभेलोपमेन्ट, भेटेरिनरी तथा कृषि इन्जिनियरिङ्ग र कम्प्युटर इञ्जिनियरिंग आदि क्षेत्रका कम्तीमा २/२ जना विज्ञहरु रहने छन्।

(२) उपदफा (१) बमोजिमको सूची तयार गर्दा छलफल गरी सम्भव भएसम्म शैक्षिक योग्यता, सम्बन्धित क्षेत्रको अनुभव र व्यावसायिक दक्षताको आधार लिई तयार गर्नुपर्नेछ।

१६. **<u>आचार संहिता पालना गर्नुपर्ने:</u>** (१) दक्ष वा विज्ञले पालना गर्नु पर्ने आचरणः

(क) अन्तर्वार्ता सम्बन्धी कार्य जिम्मेवारीको कुरा कसैलाई प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा व्यक्त गर्नु हुँदैन।

(ख) आफ्नो नाता सम्बन्ध भएका व्यक्ति उम्मेदवार रहेको व्यहोरा जानकारी हुन आएको अवस्थामा अन्तरवार्ता सम्बन्धी जिम्मेवारी निर्वाह गर्नु हुँदैन।

(ग) अन्तर्वार्ताका लागि प्रदान गरिएको अङ्क कही कतै व्यक्त गर्नु हुँदैन।

(२) अन्तर्वार्ताकर्ताले पालना गर्नुपर्ने आचरणः

(क) नाता सम्बन्ध भएका व्यक्ति उम्मेदवार भएमा अन्तर्वार्तामा बस्नु हुँदैन।

(ख) अन्तर्वार्ता हुनुभन्दा अघि त्यस्तो कार्यमा आफू संलग्न हुने कुरा कही कतै व्यक्त गर्नु हुँदैन।

(ग) अन्तर्वार्तामा अङ्क प्रदान गरेको कुरा कहीं कतै व्यक्त गर्नु हुँदैन।

(३) पदपूर्ति समितिका पदाधिकारीले पालना गर्नुपर्ने आचरणः

(क) नाता सम्बन्ध भएका व्यक्ति उम्मेदवार भएमा प्राविधिक कर्मचारी छनौट सम्बन्धी कुनै पनि कार्यमा संलग्न हुनु हुँदैन।

(ख) कुनै उम्मेदवारको पक्ष वा विपक्षमा कही कतै मत व्यक्त गर्नु हुँदैन।

(ग) सिफारिस समितिका पदाधिकारी वा कर्मचारीले गरिरहेको कामको गोपनीयता कायम गर्नुपर्नेछ। काम कारवाहीका विषयमा अनावश्यक रुपमा खोजीनीति गर्न वा चासो लिन हुँदैन।

(घ) प्राविधिक कर्मचारी छनौटको लागि सूचना प्रकाशन भएदेखि उम्मेदवारको नाम सिफारिस नभए सम्मको अवधि भर सिफारिस समितिका पदाधिकारी वा कर्मचारीलाई अनावश्यक प्रलोभन, दवाव, धम्की, भनसुन वा आग्रह गर्न हुँदैन।

(४) सिफारिस समितिका पदाधिकारी एवं कर्मचारीले पालना गर्नुपर्ने आचरणः

(क) कार्यगत स्वतन्त्रता र निष्पक्षता कायम राख्न हरसम्भव प्रयत्नशिल रहनु पर्नेछ।

(ख) प्राविधिक कर्मचारी छनौटसँग सम्बन्धित कामको गोपनीयता कायम गर्नु पर्नेछ।

(ग) प्राविधिक कर्मचारी छनौट सम्बन्धी कार्य सम्पादन गर्दा वाह्य वा आन्तरिक कुनै पनि क्षेत्रबाट कुनै पनि कारणले प्रत्यक्ष रुपमा आउने प्रभाव, प्रलोभन, दबाव, भनसुन, धम्की, आग्रह, आदिबाट प्रेरित वा प्रभावित नभई कानून बमोजिम कार्य सम्पादन गर्नुपर्नेछ।

(घ) कुनै पनि प्रकारको मोलाहिजा, पक्षपात वा पूर्वाग्रह नराखी मन्त्रालयको वृहत्तर हितलाई प्राथमिकता दिई आफ्नो पदीय कर्तव्यको पालना गर्नुपर्नेछ।

(ङ) करार सेवाको पदमा छनौट सम्बन्धी काम कारवाहीमा असर पर्ने गरी वा निष्पक्षता, गोपनीयता वा विश्वासनियतामा आँच पुग्ने गरी जानाजान कुनै प्रकारको टिकाटिप्पणी वा आलोचना गर्न वा सार्वजनिक वा अन्य कुनै रुपमा अभिव्यक्ति दिनु हुँदैन।

(च) कुनै पनि उम्मेदवारबाट कुनै दान, दातव्य, चन्दा, ऋणसापटी, आर्थिक, वा भौतिक लाभ, उपचार वा कोसेली ग्रहण वा स्वीकार गर्नु हुँदैन।

१७. **<u>नाता सम्बन्ध भएका व्यक्ति संलग्न रहेको विषयको काम कारवाही सम्बन्धमाः</u>** (१) कुनै नाता सम्बन्ध रहेको व्यक्ति उम्मेदवार रहेको जानकारी भएमा सो को लिखित जानकारी पदपूर्ति समितिलाई गराउनु पर्दछ। पदपूर्ति समिति एवं सिफारिस समितिका पदाधिकारी एवं कर्मचारीले आफ्नो नाता सम्बन्ध भएका व्यक्ति उम्मेदवार भएमा निष्पक्षता एवं गोपनीयता कायम राख्न देहायको कार्य वा निर्णय प्रकृयामा संलग्न हुनु हुँदैनः

(क) अन्तर्वार्ता,

(ख) मूल्याङ्कन एवं नतिजा प्रकाशन गर्ने कार्य।

१८. **<u>गोपनीयताः</u>** छनौट प्रकृया सम्बन्धी काम कारवाही तथा गोपनीयता गर्नु पर्ने परीक्षा सम्बन्धी कार्यमा आवश्यक गोपनीयता कायम राख्ने दायित्व सो काममा संलग्न सबै पदाधिकारी एवं कर्मचारीको हुनेछ।

## परिच्छेद—५

## <u>विविध</u>

१९. **<u>विविधः</u>** (१) सिफारिस समितिले आवश्यकता अनुसार आफ्ना काम कारवाहीका सम्बन्धमा प्रयोजन हेरी छुट्टाछुट्टै निर्णय पुस्तिका, दर्ता किताब, चलानी किताब आदि खडा गर्नेछ।

(२) सिफारिस समितिले आफैले गर्ने कार्य बाहेक गोपनीयता भङ्ग नहुने साधारण कार्य गर्नको लागि मन्त्रालय वा मातहतका निकायका कर्मचारीहरुको सहयोग लिन सक्नेछ।

(३) सिफारिस समितिले प्राविधिक कर्मचारी छनौट सम्बन्धी कार्यप्रकृया अवलम्बन गर्दा यस कार्यविधिमा उल्लेख नभएका व्यवस्थाहरुको हकमा प्रदेश लोक सेवा आयोगद्वारा निर्धारण भएको सिद्वान्त, कार्यविधि र प्रक्रियालाई अवलम्बन गर्नेछ।

(४) सिफारिस समितिको प्रशासनिक काम कारवाहीमा सहयोग पुऱ्याउनको लागि सिफारिस समितिको अनुरोधमा मन्त्रालय वा मातहतका निकायहरुले आवश्यक कर्मचारी खटाउन सक्नेछ।

अनुसूची-१

**सूचनाको ढाँचा**

(दफा८कोउपदफा(१)सँगसम्बन्धित)

**प्रदेश सरकार**

**प्रदेशनं. ५**

**भुमि व्यवस्था कृषि तथा सहाकारी मन्त्रालय**

**बुटवल, नेपाल**

**बिभिन्न प्राबिधिक पदहरुमा दरखास्त आह्वानको सूचना**

**सूचना प्रकाशित मितिः २०७७/........**

यस प्रदेशका जिल्ला तथा स्थानीय तहमा संचालन हुने ................. कार्यक्रमका लागि बिभिन्न प्राबिधिक पदहरुमा सेवा करारमा काम गर्न चाहने योग्यता पुगेका नेपाली नागरिकले विज्ञापन प्रकाशन भएको मितिले १५ (पन्ध्र)दिनभित्र तोकिए अनुसारको दरखास्त दस्तुर सहित फारम पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ। दरखास्त फारम यस कार्यालयको वेवसाइट www.molmac.p5.gov.npबाट डाउनलोड गर्न सकिनेछ।

| विज्ञापननं. | पद | मागसंख्या | कामगर्नुपर्नेस्थान/कार्यालय | न्युनतमशैक्षिकयोग्यता |
|---|---|---|---|---|
| १/२०७७/७८ | | | | |
| | | | | |
| | | | | |
| | | | | |

१. **प्राविधिक कर्मचारी सेवा करारमा नियुक्तिको लागि उम्मेदवार योग्यताः** (१) कृषि सेवाको अधिकृत पदमा देहायको व्यक्ति नियुक्तिको लागि योग्य मानिनेछ।

(क) नेपाली नागरिक,

(ख) २१ वर्ष उमेर पुरा भई दरखास्त दिने अन्तिम म्याद सम्म ३५ वर्ष उमेर पुरा नभएको, महिलाको हकमा ४० वर्ष उमेर पुरा नभएको,

(ग) मान्यता प्राप्त विश्वविद्यालयबाट कृषि, पशुपालन, भेटेरिनरी, खाद्य तथा कृषि ईन्जिनियरिङ्ग विषयमा स्नातक वा सो सरह उत्तिर्ण गरेको,

(घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार नठहरिएको र

(ङ) भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी बर्खास्त नभएको।

(२) सहायकस्तर पदमा देहायको व्यक्ति नियुक्तिको लागि योग्य मानिनेछन्।

(क) नेपाली नागरिक,

(ख) १८ वर्ष उमेर पुरा भई दरखास्त दिने अन्तिम म्याद सम्म ३५ वर्ष उमेर पुरा नभएको, महिलाको हकमा ४० वर्ष उमेर पुरा नभएको,

(ग) कृषि, पशुपालन, भेटेरिनरी, खाद्य तथा कृषि ईन्जिनियरिङ्ग विषयमा पांचौ तहको लागि प्रमाणपत्र तह वा ३ बर्षे डिप्लोमा वा जे टि कोर्ष र चौथो तहको लागि प्राविधिक एस.एल.सी. (प्रवेशिका परीक्षा) वा सो सरह उत्तीर्ण गरेको,

(घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार नठहरिएको र

(ङ) भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी बर्खास्त नभएको।

(३) इञ्जिनियरिंग सेवाका कम्प्युटर अधिकृत पदमा देहायको व्यक्ति नियुक्तिको लागि योग्य मानिनेछन्।

(क) नेपाली नागरिक,

(ख) २१ वर्ष उमेर पुरा भई दरखास्त दिने अन्तिम म्याद सम्म ३५ वर्ष उमेर पुरा नभएको, महिलाको हकमा ४० वर्ष उमेर पुरा नभएको,

(ग) मान्यता प्राप्त विश्वविद्यालयबाट कम्प्युटर बिज्ञान वा कम्प्युटर ईन्जिनियरिङ्ग विषयमा स्नातक वा सो सरह उत्तिर्ण गरेको,

(घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार नठहरिएको र

(ङ) भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी बर्खास्त नभएको।

२. **दरखास्तसाथपेशगर्नुपर्नेकागजातहरुः**

(क) शैक्षिक योग्यताको प्रमाणपत्रका प्रमाणित प्रतिलिपिहरु १/१ थान।

(ख) नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि १ थान।

(ग) दरखास्त दस्तुर बुझाएको सक्कल रसिद।

(च) अनुभव वा तालिम भए सो प्रमाणपत्रको प्रमाणित प्रतिलिपि। (अनुभवको हकमा लागि नियुक्ति पत्रको प्रतिलिपि संलग्न गर्नुपर्ने)

(घ) पशु चिकित्सक पदको लागि काउन्सिल दर्ता प्रमाणपत्र।

३. **दरखास्त दिने स्थानः**भूमिब्यवस्था,कृषितथासहकारीमन्त्रालय, प्रदेश नं ५,बुटवल ।

| |
|---|
| कार्यालय प्रयोजनको लागि |
| परीक्षार्थी संकेत नं<br>रोल नं/विज्ञापन नं/संकेत नं<br>................./................./.........<br>....... |

| |
|---|
| हालसालै खिचिएको पुरै माखाकृति देखिने पासपोर्ट साइजको फोटो टासी फोटोमा समेत पर्ने गरी उम्मेदवारले दस्तखच गर्ने |

अनुसूची-२

दरखास्त फाराम

(दफा ८ को उपदफा (२) सँग सम्बन्धित)

भुमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय ,बुटवल ,नेपाल

दरखास्त फाराम

खुला प्रतियोगितात्मक परीक्षाका लागि

(क) उम्मेदवारले दरखास्त फाराम भरेको पद सम्बन्धी विवरणः

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १ .विज्ञापन नंः. | .............. | .............. | .............. | .............. | .............. | .............. |
| २ .पदः | .............. | .............. | .............. | .............. | .............. | .............. |
| ३. सेवाः | .............. | .............. | .............. | .............. | .............. | .............. |
| ४ .समूहः | .............. | .............. | .............. | .............. | .............. | .............. |

(ख) उम्मेदवारको वैयक्तिक विवरण

| | | | | |
|---|---|---|---|---|
| उम्मेदवारको | नाम ,थर | )देवनागरिकमा( | | |
| | | )अंग्रेजी ठूलो अक्षरमा( | | लिङ्गः |
| | नागरिकता नंः. | जारी गर्ने जिल्लाः | | मितिः |
| स्थायी ठेगानाः | क (जिल्लाः | ख (न.पा/.गा.वि.स. | | ग (वडा नं. |
| | घ (टोलः | ङ (मार्ग/घर नंः. | | च (फोन नं. |
| पत्राचार गर्ने ठेगानाः | | | | ई-मेलः |
| बाबुको नाम ,थरः | | | आमाको नाम ,थरः | |
| बाजेको नाम ,थरः | | | पति/पत्निको नाम ,थरः | |
| जन्म मिति | (मा .सं.वि) | )ईस्वी सन् मा( | | हालको उमेरः वर्ष महिना |

(ग) शैक्षिक योग्यता/तालिम) दरखास्त फाराम भरेको पदको लागि चाहिने आवश्यक न्यूनतम शैक्षिक योग्यता/तालिम मात्र उल्लेख गर्ने(

| आवश्यक न्यूनतम योग्यता | विश्वविद्यालय/बोर्ड/तालिम दिने संस्था | शैक्षिक उपाधि/तालिम | संकाय | श्रेणी/प्रतिशत | मूल विषय |
|---|---|---|---|---|---|
| शैक्षिक योग्यता | | | | | |
| | | | | | |
| तालिम | | | | | |

(घ) अनुभव सम्बन्धी विवरण) दरखास्त फाराम भरेको पदको विज्ञापनको लागि अनुभव तथा विदाको विवरण आवश्यक भएमा मात्र उल्लेख गर्ने(

| कार्यालय | पद | सेवा/समूह/उपसमूह | श्रेणी/तह | स्थायी/अस्थायी/करार | अवधि | |
|---|---|---|---|---|---|---|
| | | | | | देखि | सम्म |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

मैले यस दरखास्तमा खुलाएका सम्पूर्ण विवरणहरु सत्य छन्। दरखास्त बुझाएको पदको विज्ञापनको लागि अयोग्य ठहरिने गरी कुनै सजाय पाएको छैन। कुनै कुरा ढाँटे वा लुकाएको ठहरिएमा प्रचलित कानून बमोजिम सहनेछु/बुझाउनेछु। उम्मेदवारले पालन गर्ने भनी प्रचलित कानून तथा यस दरखास्त फारामका पृष्ठहरुमा उल्लेखित सबै शर्त तथा नियमहरु पालन गर्न मञ्जुर गर्दछु।

| उम्मेदवारको ल्याप्चे सहिछाप | | | उम्मेदवारले माथि उल्लेख गरेका अनुभवको विवरणहरु ठीक छ भनी प्रमाणित गर्ने विभागीय प्रमुख/कार्यालय प्रमुखको दस्तखत )कुनै संगठित संस्थामा काम गरेको अनुभव भएका हरुको लागि मात्र( |
|---|---|---|---|
| दायाँ | बायाँ | | |
| | | उम्मेदवारको दस्तखत<br>मितिः | नाम ,थरः<br>पद/दर्जाः<br>मितिः कार्यालयको छाप |

| | | |
|---|---|---|
| कार्यालयको कर्मचारीले भर्ने | | |
| रसिद/भौचर नंः. | रोल नंः. | |
| दरखास्त अस्वीकृत भए सोको कारणः | | |
| दरखास्त रुजु गर्नेको दस्तखतः<br>मितिः | दरखास्त स्वीकृत/अस्वीकृत गर्नेको दस्तखत<br>मितिः | |

द्रष्टव्यः दरखास्तसाथ विज्ञापनमा उल्लेखित लगायत निम्नलिखित कागजातहरु अनिवार्य रुपमा उम्मेदवार आफैले प्रमाणित गरी पेश गर्नुपर्नेछ।

)१ (नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, )२ (समकक्षता र सम्बद्धता आवश्यक पर्नेमा सोको प्रतिलिपि,

)३ (विज्ञापन भएको पदको लागि तोकिएको न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्र र चारित्रिक प्रमाणपत्रको प्रतिलिपि) तालिम र अनुभव आवश्यक पर्नेमा सो समेतको प्रतिलिपि,(

)४ (सेवा सम्बन्धी ऐन/नियमावलीमा तोकिएको भए सम्बन्धित व्यवसायिक परिषद्मा नाम दर्ता भएको प्रमाणको प्रतिलिपि।

**उम्मेदवारले पालन गर्नुपर्ने नियमहरु :–**

१. अन्तर्वार्ता हुने दिनमा पनि प्रवेशपत्र ल्याउनुअनिवार्य छ।
२. अन्तरवार्ताको दिन अन्तर्वार्ता शुरु हुनु भन्दा कम्तीमा १ घण्टा पहिले कार्यालयमा सम्पर्क राखुपर्नेछ ।
३. बिरामी भएको उम्मेदवारले परीक्षा हलमा प्रवेश गरी परीक्षा दिने क्रममा निजलाई केहीभएमा आयोग जवाफदेही हुने छैन।
४. उम्मेदवारले परीक्षा दिएको दिनमा हाजिर अनिवार्य रुपले गर्नु पर्नेछ।
५. कार्यालयले सूचनाद्वारा निर्धारण गरेको कार्यक्रम अनुसार अन्तर्वार्ता सञ्चालन हुनेछ।
६. कुनै उम्मेदवारले छनौट प्रणालीको बिषयमा अस्पष्टता भइ जानकारी लिनुपरेमा कार्यालयमा सम्पर्क गरी जानकारी लिन सकिनेछ ।

भूमि व्यवस्था ,कृषि तथा सहाकारी मन्त्रालय बुटवल ,नेपाल

## प्रवेशपत्र

हालसालै खिचिएको पुरै माखाकृति देखिने पासपोर्ट साइजको फोटो टासी फोटोमा समेत पर्ने गरी उम्मेदवारले दस्तखच गर्ने

परीक्षार्थीले भर्नेः-

| | | | | | |
|---|---|---|---|---|---|
| क (सेवा-: | ...................... | ...................... | ...................... | ...................... | ...................... |
| ख (समूह-: | ...................... | ...................... | ...................... | ...................... | ...................... |
| ग (पद | ...................... | ...................... | ...................... | ...................... | ...................... |
| घ (श्रेणी/तह-: | ...................... | ...................... | ...................... | ...................... | ...................... |
| ङ (परीक्षा केन्द्र-: | ...................... | ...................... | ...................... | ...................... | ...................... |
| च (उम्मेदवारको | नाम ,थर-: | ...................... | ...................... | ...................... | ...................... |
| | दस्तखत-: | ...................... | ...................... | ...................... | ...................... |

कार्यालयको कर्मचारीले भर्ने-:

यस कार्यालयबाट लिइने उक्त पदको परीक्षामा तपाईंलाई निम्न केन्द्रबाट सम्मिलित हुन अनुमति दिइएको छ। विज्ञापनमा तोकिएको शर्त नपुगेको ठहर भएमा जुनसुकै अवस्थामा पनि यो अनुमति रद्द हुनेछ

परीक्षा केन्द्र-:

रोल नम्बर-:

...................................

)अधिकृतको दस्तखत(

द्रष्टव्य -: १ (कृपया उम्मेदवारले पालन गर्नुपर्ने नियमहरु हेर्नुहोला।

**उम्मेदवारले पालन गर्नुपर्ने नियमहरु :–**

१. अन्तर्वार्ता हुने दिनमा पनि प्रवेशपत्र ल्याउनुअनिवार्य छ।
२. अन्तरवार्ताको दिन अन्तर्वार्ता शुरु हुनु भन्दा कम्तीमा १ घण्टा पहिले कार्यालयमा सम्पर्क राखुपर्नेछ ।
३. बिरामी भएको उम्मेदवारले परीक्षा हलमा प्रवेश गरी परीक्षा दिने क्रममा निजलाई केहीभएमा आयोग जवाफदेही हुने छैन।
४. उम्मेदवारले परीक्षा दिएको दिनमा हाजिर अनिवार्य रुपले गर्नु पर्नेछ।
५. कार्यालयले सूचनाद्वारा निर्धारण गरेको कार्यक्रम अनुसार अन्तर्वार्ता सञ्चालन हुनेछ।
६. कुनै उम्मेदवारले छनौट प्रणालीको बिषयमा अस्पष्टता भइ जानकारी लिनुपरेमा कार्यालयमा सम्पर्क गरी जानकारी लिन सकिनेछ ।

भूमि व्यवस्था ,कृषि तथा सहाकारी मन्त्रालय बुटवल ,नेपाल

प्रवेशपत्र

हालसालै खिचिएको पुरै माखाकृति देखिने पासपोर्ट साइजको फोटो टासी फोटोमा समेत पर्ने गरी उम्मेदवारले दस्तखच गर्ने

परीक्षार्थीले भर्नेः-

| | | | | | |
|---|---|---|---|---|---|
| क (सेवा-: | ...................... | ...................... | ...................... | ...................... | ...................... |
| ख (समूह-: | ...................... | ...................... | ...................... | ...................... | ...................... |
| ग (पद | ...................... | ...................... | ...................... | ...................... | ...................... |
| घ (श्रेणी/तह-: | ...................... | ...................... | ...................... | ...................... | ...................... |
| ङ (परीक्षा केन्द्र-: | ...................... | ...................... | ...................... | ...................... | ...................... |
| च (उम्मेदवारको | नाम ,थर-: | ...................... | ...................... | ...................... | ...................... |
| | दस्तखत-: | ...................... | ...................... | ...................... | ...................... |

कार्यालयको कर्मचारीले भर्ने-:

यस कार्यालयबाट लिइने उक्त पदको परीक्षामा तपाईंलाई निम्न केन्द्रबाट सम्मिलित हुन अनुमति दिइएको छ। विज्ञापनमा तोकिएको शर्त नपुगेको ठहर भएमा जुनसुकै अवस्थामा पनि यो अनुमति रद्द हुनेछ

परीक्षा केन्द्र-:

रोल नम्बर-:

................................

)अधिकृतको दस्तखत(

द्रष्टव्य -: १ (कृपया उम्मेदवारले पालन गर्नुपर्ने नियमहरु हेर्नुहोला।

| कार्यालय प्रयोजनको लागि |
|---|
| परीक्षार्थी संकेत नं<br>रोल नं/बिज्ञपान नं/संकेत नं<br>................../................../.. |

# भूमि ब्यवस्था कृषि तथा सहकारी मन्त्रालय

## बुटवल ,नेपाल

उम्मेदवारहरुले अनिवार्य रुपमा आफैले निम्न विवरणहरु स्पष्ट बुझिनेगरी उल्लेख गर्नु होला।
सम्बन्धित विकल्पको क्रमसंख्यामा गोलो) ο (चिन्ह लगाउनुहोस्।

**१. उम्मेदवारको व्यक्तिगत विवरण**

| | | |
|---|---|---|
| क | उम्मेदवारको | नेपालको राष्ट्रिय परिचय वा नागरिकता नं...................... : .<br>नाम ,थर..................................... ................................ ...................... :<br>) पहिलो नाम) (बीचको नाम) (अन्तिम नाम अर्थात् थर( |
| ख | जात) लेख्नुहोस्( | ................................................ |
| ग | जन्म स्थान र स्थायी ठेगाना | जन्म स्थानः जिल्ला ..................... १ गा.वि.स .वा २ न.पा.<br>स्थायी ठेगानाः जिल्ला ..................... १ गा.वि.स .वा २ न.पा. |
| घ | दरखास्त दिने अन्तिम मितिमा पुग्ने उमेरः ................ वर्ष .............................. महिना | |
| ङ | लिङ्ग | १ .पुरुष २ .महिला |
| च | धर्म | १ .हिन्दु २ .बौद्ध ३ .ईस्लाम ४ .ईसाई ५ .अन्य) उल्लेख गर्ने ( ................ |
| छ | वैवाहिक स्थितिः | १ .विवाहित २ .अविवाहित ३ .विधुवा/विधुर ४ .अलग भई बसेको |
| ज | तपाई आफुलाई के भन्न रुचाउनु हुन्छ?<br>१ .हिमाली २ .पहाडी ३ .तराई ४ .पिछडिएको क्षेत्र ५ .अन्य भए) उल्लेख गर्ने............... ( | |
| झ | तपाई आफुलाई कुन समूह/वर्गमा राख्नु हुन्छ?<br>१ .आदिवासी/जनजाति २ .दलित ३ .दलित ४ .क्षेत्री ५ .ब्राह्मण ६ .मधेसी ७ .मुसलमान<br>८ .अन्य भए) उल्लेख गर्ने.............................. ( | |
| ञ | उम्मेदवारको रोजगारीको अवस्थाः | १ .वरोजगार २ .सरकारी सेवा ३ .अन्य पेशा) उल्लेख गर्ने......................... ( |
| ट | मातृभाषाः) लेख्नुहोस( | ................................................ |
| ठ | शारीरिक रुपमा अशक्त हुनु हुन्छ? १ .छु २ .छैन<br>यदि हुनुहुन्छ भने कस्तो प्रकारको शारीरिक अशक्तता हो खुलाउनु होला................................. | |
| ड | शैक्षिक संकायः<br>)कुनै एकमा मात्र चिन्ह लगाउनु होला( | १ .मानविकी २ .कानून ३ .व्यवस्थापन ४ .शिक्षा ५ .विज्ञान ६ . ईन्जिनियरिङ्ग ७ .चिकित्सा ८ .कृषि ९ .वन १० .संस्कृत ११ .अन्य कुनै भए उल्लेख गर्ने.................. |
| | आवश्यक न्यूनतम शैक्षिक योग्यताको प्राप्ताङ्क प्रतिशतः ..................................... र श्रेणी................................ | |
| | आवश्यक न्यूनतम शैक्षिक योग्यता भन्दा माथिल्लो शैक्षिक योग्यताः | १ .छ ,तह उल्लेख गर्ने २ .छैन |
| ढ | तपाईले अध्ययन गरेको शिक्षण संस्था कस्तो प्रकारको हो?<br>SLC, O-Level, A-Level वा +2 पढेको विद्यालयः<br>विश्वविद्यालयः<br>विश्वविद्यालयको नाम लेख्नुहोस् | १ .सामुदायिक) सरकारी( २ .संस्थागत) निजी( ३ .विदेशी<br>१ .सामुदायिक) सरकारी( २ .संस्थागत) निजी( ३ .विदेशी<br>----------------------------------------------------------------------------------- |
| ण | शैक्षिक अवस्था | आमा: १ .निरक्षर २ .साक्षर ३ .एस.एल.सी .सम्म ४ .उच्च शिक्षा<br>बाबु: १ .निरक्षर २ .साक्षर ३ .एस.एल.सी .सम्म ४ .उच्च शिक्षा |
| | आमा/बाबु को मुख्य पेशा) कुनै एक( | १ .कृषि २ .व्यापार/व्यवसाय ३ .शिक्षण) निजी/सरकारी( ४ .गैह सरकारी<br>६ .अन्य भए) उल्लेख गर्ने......................................... :( |

**माथि उल्लेखित विवरणहरु ठीक छन्।**

**उम्मेदवारको दस्तखत**

अनुसूची–३

**मूल्याङ्कनका आधारहरु**

(दफा ११ को उपदफा (२) सँग सम्बन्धित)

प्राविधिक कर्मचारीहरु छनौटको लागि शैक्षिक योग्यता, तालिम र अनुभव वापतको अङ्क र अङ्क  प्रदान गर्ने आधारहरुः

पूर्णाङ्क : ५०

| सि.नं. | विवरण | जि पि ए | प्रतिशत | अङ्कभार |
|---|---|---|---|---|
| **१** | **तोकिएको पदको न्यूनतम शैक्षिक योग्यता वापत** | | | **३५अङ्क** |
| १.१ | स्नातक वा सो सरह | ३.६५ र सो भन्दा बढी | ८०% र सो भन्दा बढी | ३०अङ्क |
| १.२ | स्नातक वा सो सरह | ३.२५ देखि ३.६४ सम्म | ७०% देखि ७९.९% सम्म | २६अङ्क |
| १.३ | स्नातक वा सो सरह | २.७५ देखि ३.२४ सम्म | ६०% देखि ६९.९% सम्म | २३ अङ्क |
| १.४ | स्नातक वा सो सरह | २.७४ र सो भन्दा कम | ६०% भन्दा कम | २० अङ्क |
| १.५ | न्यूनतम शैक्षिक योग्यता भन्दा माथिल्लो तहको योग्यता भएमा | | | ५ अङ्क |
| **२** | **सम्बन्धित विषयगत क्षेत्रमा काम गरेको अनुभव** | | | **१०अङ्क** |
| २.१ | सम्बन्धित बिषयगत क्षेत्रमा २ वर्ष वा सो भन्दा बढी संगठित संस्थामा कार्य अनुभव भएको | | | १०अङ्क |
| २.२ | १ वर्ष भन्दा बढी संगठित संस्थामा अनुभव भएको | | | ५अङ्क |
| **३** | **तालिम** | | | **५** |
| ३.१ | सम्बन्धित बिषयमा १ हप्ताको एउटा तालिम लिएको | | | ३ |
| ३.२ | सम्बन्धित बिषयमा १ हप्ताको दुइ वा दुइ भन्दा बढी तालिम लिएको | | | ५ |
| | **जम्माः** | | | **५० अङ्क** |

अनुसूची-४

**अन्तर्वार्ता मूल्याङ्कनको आधारः**

(दफा १२ को उपदफा (४) सँग सम्बन्धित)

**पूर्णाङ्क : ५०**

| सि.नं. | विवरण | अङ्कभार |
|---|---|---|
| १ | विषयवस्तुको ज्ञान | १० अङ्क |
| २ | व्यक्तित्व | १० अङ्क |
| ३ | सिर्जनशील क्षमता | १० अङ्क |
| ४ | प्रस्तुति र शुद्धता | १० अङ्क |
| ५ | आत्मविश्वास | १० अङ्क |
| | **जम्माः** | **५० अङ्क** |